# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०९।२७ गते

# प्रेस विज्ञप्ति

**विषय: <u>नियन्त्रणमा लिइएको ।</u>**

पूर्वाधार विकास कार्यालय ३ नं. प्रदेश ललितपुरका लेखा अधिकृत बिष्णुहरी पुडासैनीले सडक निर्माण कार्यको लागि टेण्डर सम्झौता भई काम हुँदै गर्दा मोविलाइजेस्न पेस्की लिनका लागि आएका सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालबाट खटिई गएको टोलीले निज बिष्णुहरी पुडासैनीलाई रु.२२,०००/- (बाइस हजार) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकमसहित ललितपुर महानगरपालिका वडा नं. १३ एकान्तकुनाबाट मिति २०७६।०९।२५ गते नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

प्रवक्ता<br>
प्रदीपकुमार कोइराला